दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १५७ | बुटवल | २०८२ जेठ २०, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday June.03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## दुर्घटना हुँदा चालकको मृत्यु

नवलपुर। पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपुरको देवचुली-२ दुम्कौलीमा एम्बुलेन्स र स्कुल भ्यान ठोक्किएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।

बुटवलबाट बिरामी लिएर नारायणघाटतर्फ जाँदै गरेको ना ४ च ४६१६ नम्बरको एम्बुलेन्स र रजहरबाट दुम्कौलीतर्फ जाँदै गरेको दिब्य एकेडेमी बोर्डिङ् स्कुल केउरेनीको बा २० च ७२ नम्बरको स्कुल भ्यान एक आपसमा ठोक्किएर दुर्घटना भएको नवलपुर प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा स्कुल भ्यानका चालक देवचुली नगरपालिका-१ का ५२ वर्षीय कुलप्रसाद सुवेदी रहेको जिल्ला प्रहरी कार्यालय नवलपुरका सूचना अधिकारी, प्रहरी नायव उपरीक्षक मधु नेपालले जानकारी दिए । उनको उपचारको क्रममा पुरानो मेडिकल कलेज भरतपुरमा मृत्यु भएको हो ।

दुर्घटनामा एम्बुलेन्समा सवार रुपन्देहीको बुटवल गोलपार्कका ३६ वर्षकी लक्ष्मी राइ, २५ वर्षकी इसु राइ र सोही ठाउँका २५ वर्षकी स्नेहा परियार तथा भ्यानमा सवार विद्यार्थीहरु देवचुली-१७ की १० वर्षकी आयुसा गौतम र ६ वर्षकी सोखनिया रोक्का घाइते भएका नेपालले जानकारी दिए ।

घाइतेहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको र एम्बुलेन्समा आएका बिरामीहरुलाई अन्य एम्बुलेन्समा राखी चितवन पठाइएको प्रहरी नायव उपरीक्षक नेपालले जानकारी दिए ।

नारायणघाट-बुटवल सडक कालोपत्रे भएसँगै नवलपुरमा दुर्घटना अत्याधिक बढेको छ। नेल अनुशासन विपरीत तिब्र गतीमा सवारी साधन चलाउँदा यहाँ हरेक दिन सवारी दुर्घटना भइरहेका छन् ।

## प्रधानमन्त्री र अर्थमन्त्रीविरुद्ध अवहेलना मुद्दा

बुटवल । यसपालीको बजेटमा फेरि रोडाढुंगा बेच्ने योजना समावेश गरेको भन्दै प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री विष्णु पौडेलविरुद्ध अदालतको अवहेलनामा कारबाही गर्नुपर्ने मागसहित सर्वोच्च अदालतमा निवेदन पेश भएको छ ।

चार वर्षअघि बजेटमा समावेश भएको विषयवस्तुलाई फेरि दोहोऱ्याएको भन्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले प्रधानमन्त्री र अर्थमन्त्रीविरुद्ध निवेदन पेश गरेका हुन् । सर्वोच्च अदालत प्रशासनमा पेश भएको निवेदन सोमबार अपरान्हसम्म दर्ता भइसकेको छैन ।

आर्थिक वर्ष २०७८/७९ को बजेटमा 'खानीजन्य ढुंगागिट्टी बालुवा निकासी गरी ब्यापारघाटा न्यूनीकरण गरिनेछ' भन्ने व्यवस्था उल्लेख थियो । त्यो विरुद्ध परेको रिट निवेदनमा सवोच्च अदालतको खानीजन्य पदार्थको निकासीसम्बन्धी बजेट वक्तव्यको उक्त प्रावधान रोक्न आदेश दिएको थियो ।

सर्वोच्च अदालतले त्यतिबेला विदेशमा हुने प्राकृतिक स्रोतसाधनको निकासी रोक्नु र वातावरण संरक्षणको प्रभावकारी व्यवस्था मिलाउनु भन्ने आदेश दिएको थियो । त्यो फैसलाको अवहेलना हुने गरी यसपाली फेरि बजेटमा रोडाढुंगा उत्खनन्को व्यवस्था राख्न खोजिएको भन्दै वरिष्ठ अधिवक्ता त्रिपाठीले निवेदन दर्ता गरेका हुन् ।

यसपालीको बजेट वक्तव्यको ८७ नम्बर बुँदामा 'प्राकृतिक तथा खानीजन्य बस्तुको व्यवसायिक उत्पादन र बजारीकरणमा निजी क्षेत्रलाई सहभागी गराइनेछ' भन्ने उल्लेख थियो । अहिलेको व्यवस्थाले यसअघि सर्वोच्च अदालतले प्रतिपादन गरेको नजीरको उल्लंघन भएको र अदालतको अवहेलना भएको भन्दै सर्वोच्च अदालतमा निवेदन पेश भएको हो ।

## सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्रीविरुद्ध भ्रष्टाचार मुद्दा

बुटवल । सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री दीर्घबहादुर सोडारीले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोले मुद्दा दर्ता गरेको छ । सोमबार अख्तियारले उनीविरुद्ध विशेष अदालतमा आरोप पत्र दर्ता गर्दै १ करोड ८ लाख ३८ हजार ३ सय २ रुपैयाँ ५७ पैसा बिगो दाबी गरेको छ । नेकपा एकीकृत समाजवादीका सांसद रहेका सोडारीले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजुरीमा अनुसन्धान गरेर अख्तियारले विशेष अदालतममा मुद्दा दर्ता गरेको हो । उनले ०८१ बैशाख ६ गतेदेखि ०८१ साउन २० गतेसम्म सुदूरपश्चिमको मुख्यमन्त्री कार्यभार सम्हालेका थिए । कैलाली क्षेत्र नम्बर ४९१० बाट प्रदेश सांसदमा दोस्रो पटक निर्वाचित सोडारीले प्रदेश सरकारमा सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका थिए ।

उनले सार्वजनिक पदधारण गरेको ०७४ माघ ७ गतेदेखि ०७९ फागुन १० सम्मको जाँच अवधिमा खुद बैंक मौज्दात, पारिश्रमिक बचत, दैनिक भ्रमण भत्ता बचत, गैरसरकारी संस्थाबाट प्राप्त भत्ता आय, श्रीमतीको पारिश्रमिक बचत, छोराको पारिश्रमिक र दैनिक भ्रमण भत्ता बचत,  बुहारीको पारिश्रमिक बचत, कृषि आय, बुबा र आमाले प्राप्त गरेको सामाजिक सुरक्षा भत्ता बचत र बैंक ब्याज आयसमेत गरी ८५ लाख ५१ हजार ३ सय ३४ रपैयाँ ९२ पैसा वैधानिक आय आर्जन गरेको देखिएको अख्तियारले जनाएको छ ।

यस्तै, सोही जाँच अवधिमा व्ययतर्फ जग्गा खरिदमा भएको खर्च, घर निर्माण एवं सोही घरमा आन्तरिक सजावट खर्च, छोरीको अध्ययन खर्च, निजको श्रीमती सञ्चालक रहेको बबि मसला उद्योगमा भएको लगानी, बिमा प्रिमियम भुक्तानी, प्रदेशसभा निर्वाचनमा भएको खर्च, छोराको विवाह खर्च, शेयर लगानी, बिभिन्न बैंक तथा वित्तीय संस्थामा रहेको नगद मौज्दातसमेत १ करोड ९३ लाख ८९ हजार ६ सय ३७ रुपैयाँ ४९ पैसा बराबरको खर्च तथा लगानी गरेको देखिएको छ ।

जाँच अवधिको कुलरसमग्र आयबाट सोही अवधिको कुलरसमग्र खर्च तथा लगानी (कुल व्यय) घटाउँदा १ करोड ८ लाख ३८ हजार ३ सय २ रुपैयाँ ५७ पैसा कुल आयभन्दा कुल व्यय अधिक भएको र सोही बराबरको सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अख्तियारको आरोप पत्रमा छ ।

» बाँकी ३ पेजमा

दैनिक लुम्बिनी समाचार प्रभाव :

# अवैध ढुंगागिट्टी देखिएपछि कश्यप रोडा उद्योगको बिक्री बन्द

### अनुगमन फितलो भएको भन्दै स्थानीयको आक्रोश



पालिकाले तोकेको स्थानमा ढुंगा, गिट्टी घाटगद्दी गर्न लैजाने अनुमति लिएको टिप्पर क्रेसर उद्योगमा जाँदै, इन्सेटमा मगरघाटमा आएको अनुगमन टोली । तस्विरः दैनिक लुम्बिनी

**लुम्बिनी संवाददाता**
*बुटवल*

तिनाउ नदी उत्खनन्को ठेक्का पाएका ठेकेदारले पालिकाले तोकेको स्थानमा घाटगद्दी गर्नुपर्ने ढुंगागिटी सिधैं क्रेसर उद्योगमा लैजाने गरेको पाइएपछि तिलोत्तमा-६ गोरकट्टास्थित कश्यप नमूना रोडा उद्योग कारबाहीमा परेको छ । दैनिक लुम्बिनीले खोलामा मनपरी उत्खनन् र उत्खनन् गरिएको ढुंगागिटी चोरी निकासीबारे समाचार प्रकाशित गरेपछि जिल्ला समन्वय समिति प्रमुख, प्रमुख जिल्ला अधिकारी, रुपन्देही प्रहरी प्रमुखलगायतले सोमबार अनुगमन गर्दा कश्यप रोडा उद्योगमा उत्खनन्बाट ल्याइएको ताजा ढुंगागिटी ठूलो परिमाणमा भेटिएपछि अर्को निर्णय नहुँदासम्मका लागि बिक्री वितरण गर्न नपाउने गरी कारवाही गरिएको हो ।

शनिबार बिहान बा ०३००१ ख ०७२५ नम्बरको टिपरले घाटगद्दीमा लैजानुपर्ने नदीजन्य पदार्थ सिधैं कश्यप नमूना रोडा उद्योगमा पुऱ्याएको प्रमाणसहितको समाचार दैनिक लुम्बिनीले प्रकाशित गरेको थियो । उक्त नम्बर प्लेटको टिप्पर पालिकाले तोकेको घाटगद्दीमा ढुवानी गर्न अनुमति पाएको टिपर हो ।

'त्यो एउटा टिप्परको प्रमाण क्रेसर उद्योग बाहिर ५ मिनेट मात्रै निरीक्षण गर्दा भेटिएको हो, दिनभर अनुगमन गर्ने हो भने दर्जनौं टिप्परले दैनिक पालिकाले तोकेको ठाउँमा लैजानुपर्ने ढुंगा गिटी सिधैं क्रसर उद्योगमा लैजान्छन् ।'-स्थानीय प्रत्यक्षदर्शी युवाहरु बताउँछन् ।

उक्त ठाउँको उत्खनन्को ठेक्का व्यवसायी सुमन बस्यालले पाएका छन् । गत वर्ष पनि उनैले ठेक्का पाएका थिए ।

दैनिक लुम्बिनीमा समाचार प्रकाशित भएपछि गोरकट्टामा भइरहेको उत्खनन् बन्द गराइएको तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अर्याललले बताए ।

सोमबार अनुगमन गर्दा कश्यप रोडा उद्योगमा अवैध ढंगले ताजा ढुंगागिटी ठूलो परिमाणमा गएको देखिएकाले विक्री वितरण बन्द गराइएको र थप प्राविधिक अनुसन्धान गरिने रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरले बताए । धेरै ठाउँमा ठेक्का लागेकाले सबै ठाउँमा अनुगमन गर्न कठीन भएको घिमिरेले बताए ।

जिल्ला समन्वय समिति प्रमुख उमाकान्त चापागाईंले कतिपय स्थानमा मापदण्ड विपरीत खोला उत्खनन् भएको र पालिकाले तोकेको स्थानमा घाटगद्दी गर्नुपर्नेमा ढुंगागिट्टी क्रेसर उद्योगमा लैजाने गरेको पाइएको स्वीकार्दै सोही कारण कश्यप रोडा उद्योगलाई कारबाही गरिएको बताए । कतिपय स्थानमा मापदण्डभन्दा गहिरो गरी उत्खनन् भएको चापागाईंले बताए ।

आफूले कात्तिक-मंसिर बाटै खोलाको ठेक्का लगाउने प्रक्रिया अघि बढाउन पालिकाहरुलाई आग्रह गरे पनि बेवास्ता गरेर सबै पालिकाले एकैचोटी जेठमा ठेक्का लगाउँदा प्रभावकारी अनुगमन हुन नसकेको चापागाईंले बताए ।

**अनुगमन निष्प्रभावी भन्दै स्थानीय आक्रोशित**

साँझ ७ बज्न लाग्दा अनुगमन टोली मगरघाट पुलमा आउँदा स्थानीयहरुले आक्रोश पोखेका छन् ।

ठेकेदारले अनुगमन टोली आउने सूचना पाएर उत्खनन् बन्द गरेका बेला अनुगमन आएको देखाएर झार टार्ने काम गरेको भन्दै त्यहाँ उपस्थित स्थानीयले प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायतसँग आक्रोश पोखरेका थिए । नेकपा माओवादी केन्द्रका जिल्ला नेता समेत रहेका श्याम बराइलीसहितको स्थानीयको एक समूहले नियामक निकायको अनुगमन देखाउने दाँत मात्र भएको भन्दै प्रभावकारी अनुगमन गरी राज्यको प्राकृतिक स्रोत चोरी हुनबाट रोक्न आग्रह गरे ।

'एटा ठाउँमा अनुगमन शुरु भएपछि अर्को ठाउँको ठेकेदारले तत्कालै सूचना पाउँछ अनि बद्मासी ढाकछोप गरिहाल्छ अनि अनुगमनको के काम ?,' नेता बराइलीले भने-'सांच्चिकै चोरी र मनपरी उत्खनन् रोक्ने हो भने सबै ठाउँमा एकै चोटी अनुगमन टोली पुग्ने गरी व्यवस्था गर्नुपऱ्यो, बल्ल बद्मासी फेला पार्न सकिन्छ ।'

» बाँकी ३ पेजमा

# स्याङ्जाको जिल्ला प्रशासन देशभर उत्कृष्ट



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

गृह मन्त्रालयले सार्वजनिक गरेको कार्यसम्पादन मूल्याङ्कन नतिजाअनुसार जिल्ला प्रशासन कार्यालय स्याङ्जा देशभरी पहिलो भएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को तेस्रो त्रैमासिक अवधि (माघ-चैत्र) को सम्पादित कार्यहरूका आधारमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाले पहिलो स्थान प्राप्त गरेको हो ।

मन्त्रालयले प्रत्येक आवको त्रैमासिक कार्य मूल्याङ्कनका आधारमा प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ । शान्तिसुरक्षा र अपराध नियन्त्रण, शासकीय प्रबन्ध (सेवा प्रवाह र सुशासन), लागूऔषध र नियन्त्रण, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन, मुआब्जा वितरण तथा विकास सहजीकरणलगायतका विषयलाई आधार मानेर जिल्ला प्रशासनका विभिन्न सूचकहरूमा मूल्याङ्कन गर्ने गर्छ ।

यसभन्दा अगाडिका मूल्याङ्कनमा स्याङ्जा २७औं र दोस्रो स्थानमा परेको थियो । गृह मन्त्रालयले सार्वजनिक गरेको कार्यसम्पादनको तालिका अनुसार कूल १८ दशमलव ५ पूर्णाङ्कमध्ये स्याङ्जाले १८ दशमलव १२५ अंक प्राप्त गरेको छ । आर्थिक वर्ष २०८१/०८२ का लागि गृह सचिव र प्रमुख जिल्ला अधिकारीबिच भएको कार्यसम्पादन सम्झौताअनुसार स्याङ्जाले तेस्रो त्रैमासिकमा पहिलो स्थान हासिल गर्न सफल भएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाका सहायक प्रजिअ तथा सूचना अधिकारी दीपक पौडेलले बताए । चौथो त्रैमासिकमा पनि स्याङ्जाले यो साख बचाउने विश्वास सहायक प्रजिअ पौडेलको छ ।

चालु आर्थिक वर्षको पहिलो र दोस्रोमा प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल थिइन् भने तेस्रो त्रैमासिकमा केही समय नेपाल र केही समय वर्तमान प्रमुख जिल्ला अधिकारी इश्वरीप्रसाद अर्याल रहेका छन् ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# नदीमा मनपरी दोहन नियन्त्रण गर

तिनाउ नदीमा भइरहेको मनपरी उत्खनन्लाई नियन्त्रणको पहल भएको छैन। मनपरी उत्खनन् हुँदा राज्यसंयन्त्र बेखबर झैँ हुनुले सिंगो राज्य संयन्त्रप्रति प्रश्न उठेको छ। हरेक वर्ष बैशाख-जेठमा मापदण्ड पूरा नगरी हुने उत्खनन्ले नदीको प्राकृतिक स्वरुप बिथोलिएको छ। नदीको प्राकृतिक स्वरुप नबिग्रने गरी उत्खनन् गर्न मापदण्ड बनाएको भए पनि राज्यसंयन्त्रले बेवास्ता गर्दा नदी उराठलाग्दो मरूभूमिझैँ भएको छ।

तिनाउ नदीमा अहिले जुन ढंगले उत्खनन् भएको छ, त्यो गलत छ। उनीहरुले ढुंगागिट्टी उत्खनन्सम्बन्धी राज्यसंयन्त्रले बनाएको मापदण्ड पालना गरेका छैनन्। मनपरी स्काभेटर प्रयोग गरेका छन्। एकैपल्ट टिप्परमा लोड गरी क्रसर उद्योग पुऱ्याएका छन्। उत्खनन् गरेपछि कुनै तोकिएको ठाउँमा घाटगद्दी गर्नुपर्नेमा घाटगद्दी गर्न ध्यान दिइएको छैन। मुलुक संघीयतामा जानुअघि जिल्ला विकास समितिले जिल्लाभित्रका नदी खोलाबाट ढुंगागिट्टीको उत्खनन् गर्दथ्यो। जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको अनुगमन समितिले अनुगमन गर्दथ्यो। त्यसबेला पनि बेथिति भए पनि अहिले झैँ थिएनन्। अहिले पालिकाहरुले ठेक्का लगाउँछन्। पालिकाले आम्दानीको स्रोत ठान्दा नदीको दोहन मनपरी भएको छ, स्थानीय तहको नेतृत्व सामु प्रहरी प्रशासन निरिह झैँ हुनुले बेथितिलाई झनै बढाएको छ।

राजनैतिक नेतृत्वको आडमा ठेक्का पाउनेहरु शक्तिशाली भएका छन्, जसले नदीलाई मासेको मात्र नभई विनाशलाई निम्ता दिएको छ। तिनाउ नदीमा मनपरी निकाल्दा परेका खाल्डामा परेर गत वर्ष दुई किशोरले ज्यान गुमाए। मानवीय क्षति गर्ने गरी भएको उत्खनन् गर्ने कम्पनीलाई कारबाही भएन्, बरु कम्पनीले केही पैसा दिएर थामथुम पाऱ्यो। मान्छेको जीवनको मूल्य पैसामा थामथुम पार्दा कानुनी राजको उपहास भएको छ। राज्यमा कानुनको पालना गर्ने र गराउने प्रक्रिया भत्कदा निम्तिने अराजकता हो। अहिले राज्यसंयन्त्र ढुङ्गागिट्टी कारोबारीको चङ्गुलमा पर्दा बेथिति र अराजकता निम्तिएको छ। लोकतन्त्र लुटतन्त्र होइन्, लोकतन्त्र विधिको शासन हो, जहाँ विधि र नागरिक सर्वेसर्वा हुन्छन्। लोकतन्त्रमा हुने यस्ता हर्कतले नै हो समाजमा व्यवस्था विरोधीका गतिविधि मौलाउने। विधिसम्मत क्रियाकलाप गर्ने र विधिसम्मत भएका क्रियाकलापलाई कानुनको कठघरामा उभ्याउने प्रणालीको विकास हुँदा मात्रै लोकतन्त्र तन्दुरुस्त हुन्छ। त्यसबेला नागरिकले चैनको सास फेर्न पाउँछन्।

तिनाउलगायत नदीमा भइरहेको दोहनलाई नियन्त्रण गर्नुपर्छ। स्थानीय तहका पदाधिकारीले बुझ्नुपर्छ, नागरिकले मत मनपरी दोहनको स्वीकृतिका लागि दिएका होइनन्। कागजी प्रक्रिया मिलाएर दोहन गर्ने छुट दिनुहुँदैन। नियमित अनुगमन हुनुपर्छ, ठेक्का सम्झौता गर्दा भएका शर्तनामा पालना भएको छ कि छैन ? मनपरी दोहनले निम्तिने विपत्तिको हेक्का गर्दै राज्यसंयन्त्रले अनुगमन गरी दोहनलाई लगाम लगाउनुपर्छ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको वृद्धि



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको वृद्धि देखिएको छ। नेप्से परिसूचक एक दशमलव ६० अङ्कले बढेर दुई हजार ६९४ दशमलव ६६ को विन्दुमा कायम भएको हो।

३१४ कम्पनीको दुई करोड २० लाख ३१ हजार ८८१ कित्ता शेयर ८३ हजार १६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब २२ करोड ६३ लाख २२ हजार ९३३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

विकास बैङ्क शून्य दशमलव २९, वित्त शून्य दशमलव १८, होटल तथा पर्यटन दुई दशमलव ३९, लगानी दुई दशमलव २८, जीवन बिमा शून्य दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव ०१ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले बढेको छ। अरू सबै समूहको उपसूचक घटेको छ। बैङ्किङ शून्य दशमलव ५९, जलविद्युत् शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३८, लघुवित्त शून्य दशमलव १२, निर्जीवन बीमा शून्य दशमलव १६ र व्यापार शून्य दशमलव ३५ प्रतिशतले घटेको छ।

कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड र पिअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव ४५ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको रु ८७ करोड ४७ लाख ३८ हजार बराबरको २२ लाख दुई हजार ६७७ कित्ता शेयर किनबेच भएको छ।


## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुम्किबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

### खोला च्यानलाइज गरी नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(२४ घण्टे सूचना प्रकाशन मिति २०८२/०२/२०)

स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ६२ कर यस विनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन,२०८१ को व्यवस्था, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावलीको नियम १४५ बमोजिम बिशेष परिस्थिती भएको व्यबस्था बमोजिम तथा गाउँपालिका स्तरीय गाउँ विपद्व्यवस्थापन समिति २०८१/१२/२७ को निर्णय एबं गाउँकार्यपालिकाको मिति २०८२/१२/२८गतेको निर्णय साथै जिल्ला विपद व्यवस्थापन समितिको मिति २०८२/०१/३१ र २०८२/०२/१९को निर्णय बमोजिम मेशिन औजारको प्रयोग गरि विपद जोखिम न्यूनीकरण गर्ने र नदीजन्य पदार्थ उत्खनन गरि प्रचलित कानुनले तोकेको दरमा विक्री गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| सि.न. | बोलपत्रनं. | बोलपत्रको विवरण | उत्खनन् परिमाण (घ.मि.) | दररेट प्रदेश सरकारले तोके बमोजिम | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 46/BTRM/NBC/ Rev/2081-082 | डाडाजोर झोलुंगे तलको खण्ड | १००००.०० | ३१७.८८ | ३१७८८००.०० | १०७७६२ | ३००० | |
| २ | 47/BTRM/NBC/ Rev/2081-082 | सिलौटे पूल माथिको खण्ड | १२०००.०० | ३१७.८८ | ३८१४५६०.०० | १२९३१४ | ३००० | |
| ३ | 48/BTRM/NBC/ Rev/2081-082 | खयरघारी क्षेत्र | १००००.०० | ३१७.८८ | ३१७८८००.०० | १०७७६२ | ३००० | |
| ४ | 49/BTRM/NBC/ Rev/2081-082 | पाखापानी क्षेत्र | १००००.०० | ३१७.८८ | ३१७८८००.०० | १०७७६२ | ३००० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालयको आन्तरिक राजश्वखाता नं.००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८२/०२/२१ गते १२:०० बजे सम्म बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले गाउँपालिकाबाट बोलपत्र सम्बन्धि कागजातहरु खरिद गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। सुचनामा उल्लेखित ठेक्काको धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८२/०२/२१ गतेका दिन दिनको १२:०० बजे भित्र गाउँपालिकामा बोलपत्रप्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८०।०२।२१ गते १:०० बजे पछि विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/०२/२० गतेका दिन दिनको १:०० बजे विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम जेष्ट मसान्त भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ती वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र परिमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानिय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२ साल जेठ मसान्त सम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन ।यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा बुझाउनु पर्ने छ। प्राबिधिक प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक दिन उत्खनन र विक्री वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ।

५. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

६. गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदीजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१३. नदीजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकाबाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदीजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र विक्री वितरण गर्नुपर्ने छ।

१४. ढुंगा,गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,वालुवा उत्खनन,संकलन,क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ ,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि,वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# बोटे समुदायले गरे नदी पूजा



नवलपुर । बोटे समुदायले वर्षमा एक पटक गर्ने नदी पुजन अर्थात् बड्को बार्ना पूजा यस वर्ष पनि गरेको छ । सोमबार कावासोती १५ अमलटारीमा खोला किनारमा जम्मा भएर नवलपुरका बोटे समुदायले बड्को बार्ना पूजा गरेका हुन् ।

नवलपुरको कावासोती, मध्यविन्दु, देवचुली, गैंडाकोटलगायतका क्षेत्रमा रहेको बोटे समुदायहरु कावासोतीमा जम्मा भएका थिए ।

उनीहरुले कुखुरा परेवालगायतका बली चढाएर नदी पूजा गरेका थिए भने नारायणी नदीबाट सुन खोजी ल्याएर चढाएर पनि पूजा गरेका थिए ।

खोला नदीका देवीदेउताले बोटे समुदायलाई जंगली जीव जनवारहरुबाट संरक्षण हुन्छ भन्ने विश्वासका कारण बोटे समुदायले परम्परागत रुपमा नदी पूजन गर्ने चलन रहेको बोटे समुदायका अगुवाहरु बताउँछन् ।

नदी पूजन कार्यक्रम नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् नवलपुरका अध्यक्ष रामकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको थियो ।

बोटे समुदायमा पुर्खौंदेखि मुखिया छान्ने प्रचलन रहेको छ । सोही मुखिया र बोटे समुदायको गुरौंले विधि पूर्वक नदी पूजन बड्का बार्ना पूजा गर्ने प्रचलन रहेको छ । उनीहरुले जिल्ला भरी रहेको बोटे समुदायबाट आर्थिक संकलन गरेर नदी पूजन गरेका हुन् ।

बोटे समुदायका मुखिया कलराम बोटेले बोटे समुदायले रातविरात नभनी नदी जंगल खोला नाला हिंड्ने गरेका कारण जंगली जीवजनवार, वन्यजन्तु, प्रेतआत्मा आदिबाट दुःख नहोस् भनेर पूजा गरिएको बताए ।

बोटे समुदायले एक वर्ष कुखुरा र परेवा बली दिने प्रचलन छ भने अर्को वर्ष पाठी र सुंगुर बलिदिने प्रचलन छ । नदी पूजा सकेपछि सबै बोटे एकैठाउँमा जम्मा भएर प्रसाद लिएपछि पूजा सकिने प्रचलन रहेको छ ।

# बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई आवासीय शिक्षा

गलकोट (बागलुङ) । बागलुङमा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क अध्ययनको व्यवस्था मिलाइएको छ ।

बागलुङ नगरपालिका-४ उपल्लाचौरस्थित बागलुङ विशेष बाल कक्षा आधारभूत विद्यालय बौद्धिक अपाङ्गता भएका विद्यार्थी अध्ययन गर्ने गण्डकी प्रदेशकै एउटा मात्रै विद्यालय हो । शारीरिक अपाङ्गता भएका, बौद्धिक र सुस्त श्रवण क्षमता भएका विद्यार्थीलाई अध्यापन गराउने गरी विसं २०४३ मा स्थापना भएको विद्यालयमा अहिले बौद्धिक अपाङ्गता भएका विद्यार्थी मात्रै अध्ययनरत छन् ।

बहिरा विद्यार्थीलाई रामरेखा बहिरा आवासीय विद्यालय र शारीरिक अपाङ्गता भएका विद्यार्थीलाई रामरेखा आधारभूत विद्यालयमा अध्ययनको व्यवस्था मिलाएपछि यस सामुदायिक विद्यालयमा बौद्धिक अपाङ्गता भएका विद्यार्थी मात्रै अध्ययन गराउन थालिएको विद्यालयका प्रधानाध्यापक युक्तजङ्ग राजभण्डारीले जानकारी दिए ।

बौद्धिक अपाङ्गता भएका कास्की, पर्वत, म्याग्दी र बागलुङका ३५ विद्यार्थीले यस विद्यालयमा अध्ययन गरिरहेको राज भण्डारीको भनाइ छ । "बौद्धिक रुपमा अपाङ्गता भएका बालबालिका परिवारमा अपहेलनामा परेका हुन्छन्, उनीहरुलाई हुर्काउने, पालनपोषण गर्ने र सामान्य शिक्षा दिने काम यस सामुदायिक विद्यालयले गर्छ", राज भण्डारीले भने-"विसं २०५३ मा आफ्नै विद्यालय भवन र विसं २०६६ मा 'होस्टेल' निर्माण गरिएको थियो, अहिले आवासीय रुपमा २२ विद्यार्थी बस्दै आएका छन् भने १३ जना विद्यार्थी घरबाटै विद्यालय आउने जाने गरेका छन्, उनीहरुलाई एकदेखि ५ कक्षासम्मको शिक्षा दिइन्छ ।"

उनले विद्यालयले नै अभिभावको जिम्मेवारी निभाउन निकै कठिन रहेको र विभिन्न सामाजिक सङ्घसंस्थाको सहयोगले आवासीय विद्यार्थीलाई खान, बस्न र लत्ता कपडाको जोहो भइरहेको छ । विद्यालयमा तीन शिक्षक र तीन कर्मचारी कार्यरत रहेका छन् ।

विसं २०४३ मा स्थापना भएको विद्यालयमा विसं २०५३ मा विर्टिस वेलफेयरले विद्यालयको भवन निर्माण गरेको थियो भने विसं २०६६ मा प्लान नेपालले होस्टेल निर्माण गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुरेशप्रसाद श्रेष्ठले जानकारी दिए ।

यस विद्यालयमा चार वर्षदेखि १८ वर्षसम्मका बौद्धिक अपाङ्गता भएका विद्यार्थीले अध्ययन गरिरहेका छन् । श्रेष्ठका अनुसार विद्यालयमा विभिन्न सामाजिक सङ्घसंस्था तथा पुण्य तिथि, जन्म दिन र शुभकार्यको अवसरमा खाद्यान्न, लत्ताकपडा सहयोग प्राप्त भइरहेको छ ।

"विद्यालयमा अझैं भौतिक पूर्वाधारको अभाव छ, बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई समाल्नै समस्या हुन्छ, अभिभावकले विद्यालयलाई जिम्मा लगाउँछन्, केही अभिभावकले दसैं र तिहार बिदामा आफ्ना छोराछोरी घर लैजान मान्दैनन्", श्रेष्ठले भने-"उनीहरुको खानपान, लत्ता कपडादेखि सरसफाइसम्मको काम विद्यालय कर्मचारीले नै गर्दा निकै समस्या छ, हामीले सेवाको भावले काम गरिरहेका छौं, गण्डकी प्रदेशमै यस्तो प्रकृतिको विद्यालय छैन, हामीहरु बौद्धिक अपाङ्ग बाहेकका अन्य विद्यार्थीलाई अध्यापन गराउदैनौं ।"

बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई बागलुङ विशेष बाल कक्षा आधारभूत विद्यालय उपल्लचौरमा अध्यापन गराइँदै आइएको छ भने देशभरका ५४ जिल्लाका बहिरा विद्यार्थीलाई बागलुङ-१ रामरेखास्थित धौलागिरि बहिरा आवासीय विद्यालयमा अध्यापन गराइँदै आइएको छ ।


## Malarani Rural Municipality

Khanadaha, Arghakhanchi

Lumbini Province, Nepal

## Invitation for Bids

Date of publication: 03-June,2025 (2082/02/20)

Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Procurement and Supply of Medicine for Chronic Patients forMalarani Rural Municipality | MRM/G/SQ/ 2081/082/29 | 1000.00 | 25,000.00 | 18/06/2025 12:00 (2082/03/04) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.


## अवैध...

राजनीतिक संरक्षणमा अनुगमन समितिले आँखा चिम्लेर ठेकेदारलाई मनपरी गर्न छुट दिइएको उनको भनाइ छ । उनका अनुसार अनुगमन टोलीमा स्वतन्त्र नागरिक, प्रतिपक्षी दलका प्रतिनिधि, विज्ञ समेत सहभागी गराउँदा मात्र अनुगमन निष्पक्ष र विश्वसनीय हुन्छ । खोलामा नियमित र प्रभावकारी अनुगमन हुनपर्ने उनको माग छ ।

बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, शुद्धोधन र सियारी गाउँपालिकाले मापदण्ड पालना गरी उत्खनन् गर्न र तोकिएको ठाउँमा घाटगद्दी गर्न निर्देशन दिई खोलाको ठेक्का लगाएका छन् । तर ती स्थान आसपासमा सञ्चालित झण्डै एक दर्जन क्रसर उद्योगहरुमा घाटगद्दीमा लैजानुपर्ने ढुंगागिटीको ठूलो हिस्सा सिधैं क्रेसर उद्योगभित्र ओसारिरहेको स्थानीय बताउँछन् । यो कार्यमा उत्खनन्को जिम्मा पाएको ठेकेदार, क्रसर उद्योग सञ्चालक र पालिकाका जनप्रतिनिधिहरुको समेत मिलेमतो रहेको उनीहरुको भनाइ छ ।

तिलोत्तमा ६ मा पर्ने गोरकट्टा र हरपुर क्षेत्रमा घाटगद्दी गर्ने स्थान नजिकै कश्यप, कालिका, कामना, सिद्धेश्वरी कामना, मुक्तिनाथ, न्यू श्रृष्टि लगायत आधा दर्जन क्रसर उद्योग छन् ।

स्थानीय एक युवक भन्छन्- 'खोलामा अनुगमन छँदैछैन, दैनिक दर्जनौं टिप्परले पालिकाले तोकेको ठाउँमा लैजानुपर्ने ढुंगा गिटी सिधैं क्रसर उद्योगमा लैजान्छन् ।'

कतिपय ठेकेदारले तिलोत्तमामा घाटगद्दी गर्नुपर्ने ढुंगा गिट्टी सियारीका क्रसर उद्योगमा समेत पुऱ्याउने गरेका स्थानीय बताउँछन् ।

यसअघि अनुगमन हुँदा तिलोत्तमामा २ वटा, सैनामैनामा ६ वटा गाडी नियन्त्रणमा लिई कारबाही गरिएको समन्वय समिति प्रमुख चापागाईंले बताए । मापदण्ड विपरीत हुने उत्खनन् र चोरीको सूचना सरोकारवाला निकायलाई दिएर अवैध कार्य रोक्न स्थानीयको सहयोग हुनुपर्ने चापागाईंले अनुरोध गरे ।

## सुदुरपश्चिम...

सार्वजनिक सेवाको पदमा बहाल रहँदा आफ्नो पदीय हैसियतको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको पुष्टि हुन आएको अख्तियारले जनाएको छ ।

सोडारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा ९१० मा परिभाषित एवं निषेधित गरिए बमोजिमको कसुर गरेको पुष्टि भएकोले १ करोड ८ लाख ३८ हजार ३ सय २ रुपैयाँ ५७ पैशा बिगो दाबी गरेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा ९२० बमोजिम बिगो अनुसार कैद र बिगोबमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा ९२०, दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति जफत गरिनु पर्ने आरोप पत्रमा उल्लेख छ ।

यस्तै, सोडारीले आयोग समक्ष पेस गरेको सम्पत्ति विवरणमा वास्तविक सम्पत्तिको विवरण उल्लेख नगरी सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको समेत पुष्टि भएको उल्लेख छ ।

त्यसैले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा ९२० बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा ९२० बमोजिम कैद र जरिवाना गरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत र थप सजाय गर्न माग गरिएको छ ।

सोडारीले सार्वजनिक सेवाको पदमा रहँदा अख्तियारको दुरुपयोग गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिबाट श्रीमती गीता सोडारी तथा छोरा बबी सोडारीको नाममा जग्गा खरिद, घर निर्माण र बैंकमा मौज्दातको सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र श्रीमती र छोराहरुलाई प्रतिवादी कायम गरी विशेष अदालतमा आरोपपत्र दायर गरिएको अख्तियारले जनाएको छ ।

## स्याङ्जाको...

बानिवर्तमान प्रजिअ नेपाल स्याङ्जा रहँदा प्रशासनिक कार्यमा गरेको कार्यसम्पादनको नागरिकस्तरबाट पनि प्रशंसा गरिएको थियो । नदीजन्य उत्खनन् र विपद् व्यवस्थापनमा नेपालले खेलेको भूमिका निकै राम्रो थियो भने बालबालिका क्षेत्रमा पर्ने असरहरुका बारेमा नेपालले पालिकास्तरमा पुगेर प्रशिक्षण समेत गरेकी थिइन् । जसले गर्दा बच्चाको जन्मदर्ता, नागरिकता पाउन कठिन भएका समस्याहरु हल गर्न सफल भएकी थिइन् ।

उनको सरुवापछि प्रमुख जिल्ला अधिकारीको रुपमा हाल इश्वरीप्रसाद अर्याल रहेका छन् । अर्यालको पनि छोटो समयमा प्रशासनबाट हुने कार्यसम्पादनमा नागरिकमैत्री भावका कारण प्रशंसित भइरहेका छन् ।

कुनै पनि नागरिक प्रशासनबाट काम सकेर फर्कदा हाँसेर फर्कनुपर्छ भन्ने मान्यता राखेर काम गर्न प्रजिअ अर्यालले कर्मचारीलाई निर्देशन समेत दिएका छन् । जसले गर्दा प्रशासनमा आउने सेवाग्राहीहरुमा कुनै समस्या नहुने गरेको बताइएको छ ।


## दुग्ध विकास संस्थान
## लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवल

## दाउरा खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दरभाउपत्र सुचना नं. डिडिसी/एलएमएसएस / ०८१/०८२-२५**
**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०२।१९**

१. यस आयोजनाको लागि तपसिल बमोजिमको प्याकिङ्ग तथा केमिकल सामानहरु खरिद गर्नु परेकोले इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुबाट सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।
तपसिल

| क्र.सं. | सामानको विवरण | परिमाण |
|---|---|---|
| क) | प्याकिङ्ग सामान | |
| १ | २०० ग्राम दही कप, बिर्को र चम्चा सेट | ५०,००० गोटा |
| २ | आधा केजी (५०० ग्राम) दही जार र बिर्को सेट | ४०,००० गोटा |
| ३ | १ केजी (१००० ग्राम) दही जार र बिर्को सेट | २०,००० गोटा |
| ४ | ५०० एमएल घ्यू बट्टा सेट (बिर्को, अलमनियम सिल, हिट सिल र लेवल) | ७,००० गोटा |
| ख) | केमिकल | |
| १ | कास्टिक सोडा | २,२०० केजी |

२. योग्य दरभाउपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीको लागि यस आयोजनाको निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ :
दुग्ध विकास संस्थान, लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवल
फोन नं. ०७१-५३१५४३
मो.नं.: ९८६४८३२२९४

३. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरु लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवलमा लिखित निवेदन पेश गरी दरभाउपत्र कागजात दस्तूर रु. १,०००।- (पछि फिर्ता नहुने) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात् मिति २०८२।०३।०२ गते कार्यालय समयभित्र खरीद गर्न सकिनेछ ।

४. सिलबन्दी गरिएको दरभाउपत्र लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवलमा १६ औं दिन अर्थात् मिति २०८२।०३।०३ गते दिनको १२:०० बजेभित्र बुझाउनु पर्नेछ । तोकिएको उक्त समयपछि प्राप्त दरभाउपत्र स्वीकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवलमा १६ औं दिन अर्थात् मिति २०८२।०३।०३ गते दिनको १:०० बजे खोलिनेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनसम्मको लागि दरभाउपत्र मान्य हुनु पर्नेछ । दरभाउपत्रदाताले दरभाउपत्र जमानत वापत आफूले कोट गरेको कुल रकमको २.५ प्रतिशत बराबरको रकम कृषि विकास बैंक लिमिटेड, ट्राफिक चो स्थित आयोजनाको च. हि.नं. ०४१४८००२४०९३८०१२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक ड्राफ्ट वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको 'क' बर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेण्टी संलग्न भै आउनु पर्नेछ ।

६. दरभाउपत्र खरिद गर्न, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो बिदा पछि कार्यालय खुलेको पहिलो दिन सोही समयमा उक्त कार्य हुनेछ ।

७. सिलबन्दी दरभाउपत्रदाताले प्याकिङ्ग तथा केमिकल सामान संस्थानले तोकेको स्पेशिफिकेसन अनुसारको आपूर्ति गर्नु पर्नेछ ।

८. प्राप्त दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोजना सुरक्षित रहनेछ ।



## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

**प्रकाशित मितिः२०८२।०२।२०**

यस कृष्णनगर नगरपालिकाको बाह्रौ नगर सभाद्वारा शिवराज अस्पतालको लागि फार्मेसी औषधि खरिद खर्च शिर्षक नं.२७२१३ निःशुल्क औषधि खरिद शिर्षकबाट खर्च हुने गरी नगरपालिका अन्तर्गतका अस्पतालमा फार्मेसी औषधि खरिद गर्ने यस कार्यालयबाट मिति २०८२/०२/०१ मा लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (KNM/SQ/GOODS–04/081/082 (Re) Procurement of Medicine and Surgical Device For Shivraj Hospital Pharmacy) सम्बन्धी सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मूल्यांकन समितिबाट न्यूनतम मूल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | KNM/SQ/ GOODS –04/081/ 082 (Re) | A one Pharma butwalaonepharma53@gmail.com phone:9857031931 | ५,११,१२१/०४ | |

प्रमुख प्रशासकीय अधिकृत



## सरावल गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।

**सरावल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय,



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# आर्थिक विधेयकका बारेमा अभिमुखीकरण



बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले आफ्ना सदस्य उद्योगी व्यवसायीलाई आर्थिक विधेयक २०८२ का बारेमा अभिमुखीकरण गरेको छ । संघले सोमबार कार्यक्रमको अयोजना गरी आफ्ना सदस्य उद्योगी व्यवसायीलाई आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको बजेट र आर्थिक विधेयक २०८२ मा भएको व्यवस्थाका बारेमा अभिमुखीकरण गरेको हो ।

त्यस अवसरमा आन्तरिक राजस्व कार्यालय बुटवलका प्रमुख कर अधिकृत टिकाराम गैरेले उद्योगी व्यवसायीलाई गरिएको अभिमुखीकरणले बजेट र आर्थिक विधेयकले सम्बोधन गरेका कुराहरुका बारेमा जानकारी हासिल गर्ने बताउँदै सम्बोधन भएका छुट सुविधाबाट लाभ लिन आग्रह गरे ।

उनले अहिले बजारमा नक्कली करदाता विजक समेत जारी हुने भएकाले त्यसप्रति सचेत र सजग रहन आग्रह गरे ।

संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले समग्रमा बजेटले धेरै विषयबस्तु समेटेको बताउँदै आफूहरुले उठान गरेका कुराहरु समेटिएकाले सकारात्मक रुपमा लिएको भनाइ राखेका थिए । आर्थिक विधेयकमा समावेश भएका विषयहरु आम उद्योगी व्यवसायीलाई बुझाउन सकियो भने त्यसबाट उनीहरुले लाभ लिन सक्ने उनको भनाइ थियो ।

कार्यक्रममा बोल्दै संघका अध्यक्ष हरिप्रसाद अर्यालले सरकारले ल्याएको आर्थिक विधेयक र बजेटमा समेत समावेश भएका विषयहरु विषयविज्ञबाट जानकारी गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी गराए । उनले आर्थिक विधेयकमा कतिपय गहिरा र मसिना विषयहरु पनि हुने र त्यस्ता विषयमा जानकारी नहुँदा उद्योगी व्यवसायीले लाभ लिने कुरामा चुकिरहेको बताउँदै समयसान्दर्भिक रुपमा गरिएको कार्यक्रम लाभदायी हुने विश्वास व्यक्त गरे ।

त्यस अवसरमा आर्थिक क्षेत्रका विज्ञ नेपाल चार्टर्ड एकाउन्टेन्स संघ (एक्यान) रुपन्देहीका सचिव सिए सगुण खनालले कार्यपत्र प्रस्तुत गर्दै राजस्वका अन्य स्रोतहरुमा भएको व्यवस्था, आर्थिक विधेयक २०८२, करको दरमा भएको हेरफेर, आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महशुललगायतका नयाँ प्रावधानका विषयमा जानकारी गराएका थिए ।

उनले सरकारले राजस्वका अन्य स्रोतहरु व्यवस्था गरेको बताउँदै आर्थिक विधेयक २०८० मार्फत् ल्याइएको वैदेशिक पर्यटन शुल्कलाई आर्थिक विधेयक २०८२ ले खारेज गरेको बताए ।

तर आर्थिक ऐन असार मसान्तसम्म रहने हुँदा पर्यटन शुल्क असार मसान्तसम्म कायमै रहने उनले जानकारी गराए । त्यस्तै हरितकरको दरमा परिवर्तन भएको छ । वैदेशिक रोजगार सेवा शुल्क थप गरिएको छ । विलाशिताका बस्तुमा शुल्क थप गरिएको छ । वैदेशिक अध्ययनमा जाने विद्यार्थीका लागि शिक्षा सेवा शुल्क थप गरिएको छ ।

त्यस्तै आर्थिक विधेयकमा जलविद्युत् आयोजनाले बैंक जमानतमा पैठारी गर्न सक्ने, ढुवानी साधनको भाडा वापतको खर्च कट्टी, अवकाश योगदान वापतको रकम हस्तान्त्रण गर्ने, सामाजिक संस्थालाई छुट, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कमा छुट सुविधा, अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक तथा हवाई टिकट बिक्रेतालाई छुट, आय विवरण पेश नगरेकालाई छुट सुविधा, विद्युतीय सेवा प्रदायकलाई सुविधा, सार्वजनिक तथा निजी सवारी साधनलाई आयकर छुटलगायतका छुट सुविधा प्रदान गरिएको उनले जानकारी गराए ।

कार्यक्रममा सहभागी संघका पूर्वअध्यक्षहरु, पदाधिकारी तथा सदस्य उद्योगी व्यवसायीहरुले बजेट तथा आर्थिक विधेयकमा भएका व्यवस्थाका बारेमा अस्पष्ट कुराहरुमा अन्तरक्रिया गरेका थिए । कार्यक्रम संघका उद्योग उपाध्यक्ष सुरज भट्टराईको धन्यवाद तथा सचिव प्रतिक पोखरेलको सञ्चालनमा भएको थियो ।

# पाल्पाका स्थानीयतहलाई बजेट कति ?

| स्थानीयतहको नाम | चालु रकम | पुँजीगत रकम | जम्मा रकम |
|---|---|---|---|
| तानसेन नगरपालिका | ५५ करोड २९ लाख | ३८ करोड ८२ लाख | ९४ करोड ११ लाख |
| रामपुर नगरपालिका | ४८ करोड ८ लाख | २ करोड ९९ लाख | ५१ करोड ७लाख |
| तिनाउ गाउँपालिका | ३५ करोड ६६ लाख | १ करोड ६५ लाख | ३७ करोड ३१ लाख |
| निस्दी गाउँपालिका | ३७ करोड ३ लाख | ३ करोड ८२ लाख | ४० करोड ८५ लाख |
| पूर्वखोला गाउँपालिका | ३१ करोड ६१ लाख | ८७ लाख | ३२ करेड ४८ लाख |
| बगनासकाली गाउँपालिका | ३३ करोड | ५ करोड ६३ लाख | ३८ करोड ६३ लाख |
| माथागढी गाउँपालिका | ३७ करोड ६५ लाख | २ करोड ४१ लाख | ४० करोड ६ लाख |
| रम्भा गाउँपालिका | ३२ करोड ३९ लाख | १३ करोड ५५ लाख | ४५ करोड ९४ लाख |
| रिब्दीकोट गाउँपालिका | ३६ करोड ९१ लाख | २ करोड ६८ लाख | ३९ करोड ५९ लाख |
| रैनादेवी गाउँपालिका | ४३ करोड ८६ लाख | १३ करोड २ लाख | ५६ करोड ८८ लाख |

पाल्पा । पाल्पाका स्थानीयतहलाई आगामी वर्ष २०८२/ ०८३ को लागि संघीय सरकारको बजेट ४ अर्ब ७६ करोड ९२ लाख विनियोजन गरेको छ । जसमा चालुतर्फ ३ अर्ब ९१ करोड ४८ लाख रुपैयाँ रहेको छ भने पुँजीगततर्फ ८५ करोड ४४ लाखमात्र रहेको छ ।

पाल्पाका १० वटा स्थानीयतहमध्ये तानसेन नगरपालिकालाई सबैभन्दा बढी र पूर्वखोला गाउँपालिकालाई सबैभन्दा कम बजेट परेको छ ।

पाल्पाका १० वटा पालिकामध्ये सबैभन्दा धेरै पुँजीगत रकम तानसेन नगरपालिकाले ३८ करोड ९२ लाख संघीय सरकारबाट प्राप्त गरेको छ भने सबैभन्दा कम पूर्वखोला गाउँपालिकाले ८७ लाख रुपैयाँ मात्र प्राप्त गरेको छ ।

# उद्योग स्थापनापछि उखु किसानको जीवन सुधार



तम्घास । गुल्मीको रूरूक्षेत्र गाउँपालिका-३ थोर्गा पानीट्याङ्कीका गोविन्द ज्ञवालीको पुर्ख्यौली पेसा थियो, उखुखेती । उनले उखुबाट खुदो र गुड बेचेरै आम्दानी गरिरहेका छन् । ज्ञवालीले ढाई रोपनी जग्गामा गरेको उखु खेतीबाट वार्षिक ५८ हजार आम्दानी गर्दै आएका छन् । उखु खेती बाहेक परिवार अन्य कृषि पेशामा आबद्ध छ भने गोविन्दले गाउँमै स्थापना भएको गुड खुदो उद्योगमा काम गर्छन् । केही उखु बीउको लागि पनि राखेकोले राम्रो आम्दानी भइरहेकाले विदेश जाने कुनै योजना नभएको गोविन्द बताउँछन् ।

रूरूक्षेत्रमा गोविन्दजस्तै उखु खेतीबाट धेरैले मनग्य आम्दानी गरिरहेका छन् । रूरूक्षेत्र गाउँपालिका उखु खेतीको लागि प्रख्यात मानिन्छ । पालिकाभरी करिब तीन हजार रोपनीमा अहिले उखु खेती भइरहेको छ । पछिल्लो समय उखुको उचित मूल्य र बजारीकरणका लागि पालिकाले वडा नं. ४ मा 'थोग्रेली गुड खुदो उद्योग' स्थापना गरेको छ । जसबाट स्थानीयले एकातर्फ उखुको झण्डै दोब्बर मूल्य पाएका छन् भने अर्कोतर्फ गाउँमै रोजगारी समेत सिर्जना भएको छ । उद्योगबाट उखुको रसबाट गुड, खुदो र मिठाइ उत्पादन हुँदै आएको छ । जसले गर्दा उखु किसानको जीवनस्तर नै फेरिएको छ ।

उखु किसानलाई एकीकृत गरी उद्योग स्थापना गर्नको लागि रूरू बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड गठन भएको छ । सहकारीमा हाल एक सय १० कृषि आबद्ध छन् । 'थोग्रेली गुड खुदो उद्योग' पनि यसै सहकारीमार्फत् सञ्चालन भइरहेको छ । उद्योगले अहिले कृषकको बारीमै पुगेर उखु खरिद गर्दछ । उद्योगले गत माघ महिनाभर प्रतिकेजी ११ तथा फागुन महिनादेखि हालसम्म प्रतिकेजी १२ रुपैयाँमा उखु खरिद गरिरहेको छ । उद्योगले ल्याएको उखु पेलेर खुदो पकाउने, गुड तथा गुडका मिठाई बनाउने काम गरिरहेको रूरू कृषि परियोजनाका संयोजक प्रकाश चालिसेले जानकारी दिए ।

## उद्योगबाट रोजगारी सिर्जना

रूरूमा स्थापना भएको उद्योगले स्थानीयस्तरमा रोजगारीसमेत सिर्जना गरेको छ । स्थानीय हरि सेनानीले पहिले दुवैको कम्पनीमा काम गरे । केही सयमअगाडि घर आएका उनले गाउँमै स्थापना भएको उद्योगमा काम पाएका छन् । अहिले उनले खुदो पकाउने, गुड बनाउने र प्याकेटिङ्को काम गर्छन् । "विदेशमा अरूको दबाबमा धेरै काम गर्नुपर्थ्यो, यहाँ साथीभाइसँगै काम गर्न पाइएको छ," उनले भने-"यहाँको उद्योगमा काम गर्दा पारिवारिक वातावरण छ ।" सोही उद्योगमा गुड प्याकेटिङको काम गर्ने सीता पन्थलाई उद्योगमा काम सुरु गरेदेखि दैनिक घरखर्च चलाउन निकै सहज भएको छ ।

काम गरेर मासिक १२ हजार कमाउने उनले सहकारीको शेयर सदस्य भएको कारणले काम पाएको बताइन् । उद्योग स्थापनादेखि नै काम गर्दै आएकी कल्पना राईले पनि अहिले सानोतिनो खर्चको लागि श्रीमानसँग घरखर्च माग्नु नपरेको बताइन् । "घरखर्च चलाएकी छु, दुई हजार पैसा पनि साथमा हुने गरेको छ," उनले भनिन्-"गाउँमै उद्योग स्थापना भएपछि हाम्रो दैनिकी फेरिएको छ ।" उद्योगमा हाल नियमित पाँच जनाले रोजगारी पाएका छन् । काम गर्ने सबै सहकारीका शेयर सदस्य छन् । उनीहरूको कामको प्रकार हेरिकन मासिक रु १२ हजारदेखि २५ हजारसम्म प्रदान गरिएको छ । यसरी सबै कामदारको मासिक रु दुई लाख सहकारीले भुक्तानी गर्ने प्रबन्धक प्रकाश थापाले बताए ।

## चार महिनामै २९ लाखको गुड, खुदो बिक्री

उखुको रसबाट बन्ने परिकार बनाउनको लागि वडा नं. ४ मा उद्योग स्थापना भयो । जसमा पालिकाले भवन निर्माणको लागि रु २० लाख र नवप्रभावत युवा सङ्घद्वारा सञ्चालित रूरू कृषि परियोजनाको समन्वयमा हेफर इन्टरनेशनलको रु ५२ लाख लगानी छ । उद्योगले स्थापनाको छोटो समयमै राम्रो आम्दानी गरेको छ ।

उद्योगले उखुको खरिददेखि गुड, खुदो र मिठाइ उत्पादन गरी बिक्री गर्दछ । उत्पादित गुड, खुदो स्थानीय बजारमै खपत हुन्छ । अहिलेसम्म दुई सय ६५ टन उखु प्रशोधनबाट रु १९ लाखमा ७५ क्विन्टल गुड र १० लाखमा पाँच हजार लिटर खुदो बिक्री भएको सहकारीका प्रबन्धक थापाले जनाए । अहिले दैनिक ढाइ क्विन्टल खुदो उत्पादन भइरहेको छ ।

अहिले पनि १५ हजार लिटर खुदो स्टक रहेको छ । उद्योग स्थापनादेखि हालसम्म दुई सय ६५ टन उखु बिक्रीबाट किसानले ३१ लाख ८० हजार रकम बुझेका छन् । पहिले प्रतिकेजी सात रुपैयाँमा बिक्री हुने उखु अहिले उद्योग स्थापना भएसँगै प्रतिकेजी १२ रुपैयाँमा बिक्री भइरहेको छ । उखु बिक्रीबाट सबैभन्दा धेरै गङ्गा पुनले दुई लाख ५० हजार आम्दानी गरेकी छिन् ।

"उद्योग स्थापनापछि उखुमा झण्डै दोब्बर मूल्य पाइएको छ," पुनले भनिन्-"अब बजारको पनि कुनै समस्या छैन ।" रूरूमा हाल रातोकोशेर, थारापातेलगायतका जातका उखु उत्पादन हुने गरेका छन् । लगाएको नौ महिनामा तयार हुने एउटा उखुको घार औषतमा तीन किलो हुने गरेको छ ।

रूरूक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले किसानको आवश्यकतालाई मध्यनजर गरी उद्योग स्थापना गरको बताए । "कृषि र पर्यटनमार्फत् रोजगारी सिर्जना गर्नेतर्फ उन्मुख भइरहेका छौं," अध्यक्ष ज्ञवालीले भने-"उखु खेती विस्तार गर्नको लागि पालिकाले मल, बीउ र प्रविधिमा सहयोग गरको छ ।" उनले अब बनाउने नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि उखुखेती र उद्योगलाई विशेष प्राथमिकता दिने जानकारी दिए ।

# दलित पत्रकार संघ रूपन्देहीले छैटौं स्थापना दिवस मनायो



बुटवल । राष्ट्रिय दलित पत्रकार संघ नेपाल रुपन्देहीले छैठौं स्थापना दिवसका अवसरमा शुभकामना आदानप्रदान तथा दीप प्रज्ज्वलन कार्यक्रम गरी मनाएको छ । २०७६ साल जेठ १८ गते स्थापना भएको संघले देशैभर विभिन्न कार्यक्रम गरी मनाइरहेको बेला रुपन्देही शाखाले पनि बुटवल - ११ देवीनगरस्थित चौपारीमा कार्यक्रम गरेको हो ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखेलले सामाजिक रुपान्तरणका लागि दलित पत्रकार संघले नेतृत्वदायी भूमिका खेलेको बताए ।

उनले नेपाली समाजको रुपान्तरणका लागि पछाडि पारिएका समुदायको आवाजलाई पत्रकारितामार्फत् दलित समुदायका पत्रकारहरुको योगदान रहेको बताए ।

यस्तै कार्यक्रममा राष्ट्रिय दलित पत्रकार संघ, नेपालका केन्द्रीय उपाध्यक्ष विनोद परियारले दलित समुदायको मुद्दालाई मूलप्रवाहमा ल्याउन र नेपाली सञ्चारमाध्यमलाई समावेशी बनाउन संघको स्थापना भएको बताए । उनले पत्रकारिता आवाजविहीनको आवाज भएको भए पनि मुद्दाको संवेदनशीलताका लागि दलित समुदायकै पत्रकारहरुको आवश्यकता हुने बताए ।

कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस) का पूर्व केन्द्रीय अध्यक्ष तथा वरिष्ठ पत्रकार डा. बालकृष्ण चापागाईंले दलित समुदायको समस्या सबैको साझा समस्या भएकाले मिडियाले यस्ता मुद्दालाई सधैं प्राथमिकता राख्नुपर्ने जनाए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश उपाध्यक्ष मीना ढकालले दलित समुदायका पत्रकारहरुको पेशागत हितका लागि संघको भूमिका सकारात्मक रहेको बताइन् । नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेयले छैटौं स्थापना दिवसको शुभकामना दिँदै संस्थाले आगामी दिनमा उद्देश्यहरु पूरा गर्न सफलता मिलोस् भनी शुभकामना दिएका थिए ।

यस्तै मानव अधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय अध्यक्ष तथा मानवअधिकारकर्मी गोविन्द खनालले दलित अधिकार मानव अधिकार भएको बताउँदै दलित पत्रकार संघले त्यस्ता समुदायको मुद्दालाई सधैं उच्च स्थान दिनुपर्ने बताए ।

संघका रुपन्देही शाखा अध्यक्ष टंक सुनारको अध्यक्षता तथा सचिव कृष्ण रणपालको सञ्चालनमा भएको कार्यक्रममा बुटवल उप-महानगरपालिकाका कार्यपालिका सदस्य यमबहादुर सुनार, संयुक्त दलित संघर्ष समितिका संयोजक हरिओम विश्वकर्मालगायतले शुभकामना मन्तव्य दिएका थिए ।

कार्यक्रममा रुपन्देहीका विभिन्न पत्रकार सम्बद्ध संगठनका प्रतिनिधि, अधिकारकर्मी, मानवअधिकारकर्मीलगायतको उपस्थिति रहेको थियो ।


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

कृषि उत्पादन बढाऔं ।
-खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं ।
-जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं ।
-स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं ।
-प्राङ्गरिक वस्तुको उत्पादन र उपभोगलाई प्रबर्द्धन गरौं ।
-कृषि तथा पशुपन्छी पालन सम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं ।
-कृषि अनुदानको सही सदुपयोग गरौं ।
-बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसँग सल्लाह सुझाव लिऊँ ।
-कृषि पेशाको सम्मान गरौं । कृषकलाई प्रोत्साहन गरौं ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com